**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 15.07.2026**

## सार्थी सम्मेलन २०२५-२६ आयोजित

सिक्किम सरकारका शिक्षा, खेलकुद तथा युवा मामिला एवम् कानून तथा संसदीय मामिला विभागका मन्त्री साथै नाम्चेबोडका विधायक राजु बस्नेतले आज पाकिम स्थित डिक्लिङ वरिष्ठ माध्यमिक विद्यालयमा सारथी सम्मेलनमा प्रमुख अतिथिको रूपमा भाग लिनुभयो। कार्यक्रम, टाइटन कम्पनी लिमिटेडको सहयोगमा सारथी 1.0 द्वारा आयोजना गरिएको थियो जसको उद्देश्य लागू-पदार्थ दुरुपयोग रोकथाम, मानसिक कल्याण र सामुदायिक जागरूकतामा उत्कृष्ट योगदान पुऱ्याएकोमा पाकिम जिल्लाका विद्यालय र गाउँका सारथी टोलीहरूको पहिचान र सम्मान गर्नु थियो। यसले लतमुक्त र मानसिक रूपमा स्वस्थ सिक्किम निर्माण गर्ने दृष्टिकोणलाई पनि प्रवर्धन गर्यो। भेलालाई सम्बोधन गर्दै, श्री बस्नेतले विद्यार्थी र समुदायहरूमा लागू-पदार्थ दुरुपयोग रोकथाम र मानसिक स्वास्थ्यबारेमा जागरूकता सिर्जना गर्ने सारथी 1.0 को प्रयासको प्रशंसा गर्नुभयो। सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामांगको मार्गदर्शन र नेतृत्वमा, जागरूकता, रोकथाम र सामुदायिक सहभागिता मार्फत, लागू-पदार्थ दुरुपयोग विरुद्ध लड्न राज्यभर 'नशा मुक्त सिक्किम' पहल लागू भइरहेको छ, उहाँले भन्नुभयो।

## सिक्किमका नवप्रवर्तन च्याम्पियनहरू IISER पुणेको एक्सपोजर भ्रमणमा

राज्यमा विज्ञान र गणित शिक्षालाई सुदृढ पार्ने दिशामा एक महत्वपूर्ण कदमको रूपमा, सिक्किम सरकारको शिक्षा विभागले 16 देखि 21 जुलाई 2026 सम्म भारतीय विज्ञान शिक्षा तथा अनुसन्धान संस्थान (IISER), पुणेको एक्सपोजर भ्रमण अर्थात् व्यावहारिक ज्ञान यात्रामा 36 जना सहभागीहरूको टोली पठाएको छ।राज्य शैक्षिक अनुसन्धान र प्रशिक्षण परिषद SCERT सिक्किमका निर्देशक, डा. शान्ति राम अधिकारीको नेतृत्वमा रहेको प्रतिनिधिमण्डलमा राज्यका सबै छ जिल्लाका विद्यालयहरूबाट छानिएका 33 नवप्रवर्तन च्याम्पियनहरू अर्थात् विज्ञान र गणित शिक्षकहरू, साथै SCERT सिक्किमका दुई संकाय सदस्यहरू समावेश छन्। यो भ्रमण IRISE कार्यक्रमको शिक्षक विकास घटक अन्तर्गत आयोजना गरिएको हो, जसले विज्ञान र गणित शिक्षणमा नवीन, सोधपुछ-आधारित, र प्रायोगिक दृष्टिकोणलाई प्रवर्धन गर्छ।

कार्यक्रमलाई राज्य परियोजना कार्यालय, समग्र शिक्षा, शिक्षा विभाग, सिक्किम सरकार द्वारा समर्थित गरिएको छ। छ दिने कार्यक्रमको अवधिमा, सहभागीहरू IISER पुणेका संकाय सदस्यहरू, अनुसन्धानकर्ताहरू, र शिक्षा विशेषज्ञहरूसँग अन्तरक्रियात्मक सत्रह, प्रयोगशाला गतिविधि, र सोधपुछ-आधारित शैक्षिक अभ्यासहरूको प्रदर्शन मार्फत संलग्न हुनेछन् ।

### पाकिम डीएलसीएमले जल जीवन मिशन कार्यान्वयनको समीक्षा गर्यो

पाकिमकी जिल्लापाल परी बिशेनीईको अध्यक्षतामा जल जीवन मिशन, जेजेएम सम्बन्धी जिल्लास्तरीय समितिको बैठक, सम्मेलन हलमा सम्पन्न भयो। जसको उद्देश्य यस मिशनको कार्यान्वयनको मूल्याङ्कन गर्नु, सरोकारवालाहरू बीच समन्वयलाई सुदृढ पार्नु र अनलाइन पोर्टल मार्फत कागजात र रिपोर्टिङ संयन्त्र बढाउनु थियो, साथै जिल्लाभरि जल आपूर्ति र सरसफाइ पूर्वाधारको दिगो व्यवस्थापनमा ध्यान केन्द्रित गर्नु थियो। बैठकको क्रममा, जिल्लामा जेजेएमको प्रभावकारी र समयमै कार्यान्वयन सुनिश्चित गर्न विभिन्न उपायहरूमाथि पनि छलफल गरियो।

### बरफुङ निर्वाचन क्षेत्रका विधायकले विद्युत-आपूर्ति समस्याबारे उच्चस्तरीय समन्वय बैठक गर्नुभयो

बरफुङ निर्वाचन क्षेत्रका विधायक रिक्सल दोर्जी भोटियाले रवाङ्लास्थित पावर गेस्ट हाउसमा विद्युत आपूर्ति समस्याबारे उच्चस्तरीय समन्वय बैठक गर्नुभयो । विद्युत विभागका वरिष्ठ अधिकारी तथा वन विभागका प्रतिनिधि सहभागी भएको सभामा निरन्तर वर्षाका कारण विभिन्न क्षेत्रमा देखिएको विद्युत अवरोध, प्राविधिक समस्या र क्षतिग्रस्त पूर्वाधारबारे समीक्षा भयो। श्री भुटियाले विद्युत सेवा छिटो पुनःस्थापना, नियमित मर्मतसम्भार र विभागहरूबीच प्रभावकारी समन्वय गर्न निर्देशन दिनुभयो ।

### विश्व युवा सीप दिवसको अवसरमा गुरासे आरक्षित वनमा वृक्षारोपण अभियान

वन तथा पर्यावरण विभाग , क्षेत्रीय डिभिजन, देन्तामले सीप विकास विभाग अन्तर्गत राज्य क्षमता निर्माण संस्थानसँगको सहकार्यमा विश्व युवा सीप दिवसको अवसरमा गुरासे आरक्षित वनमा वृक्षारोपण अभियानको आयोजना गर्यो। कार्यक्रमको एक भागको रूपमा प्रशिक्षार्थीहरूले स्थानीय रूख प्रजातिहरूको वृक्षारोपणमा सक्रिय रूपमा भाग लिए र वनीकरण, जैविक विविधता संरक्षण तथा पारिस्थितिक सन्तुलन कायम राख्न स्थानीय वनको महत्वपूर्ण भूमिकाप्रति उनीहरूलाई जानकारी दिइयो।

### नाम्ची रॉके मेला 2026 को प्रतीकको रूपमा प्रतिष्ठित रॉके भूत अनावरण गरियो

नाम्ची राँके मेला 2026 को अटल चिनारी र आत्मिक केन्द्र, प्रतिकात्मक राँके भूतको, आज भव्य रूपमा अनावरण गरियो, 16 र 17 जुलाईको लागि तय गरिएको नाम्ची राँके मेला 2026 मा, बासिन्दाहरू र आगन्तुकहरूलाई परम्परागत प्रदर्शन, सांस्कृतिक प्रदर्शनी, स्थानीय शिल्प, स्थानीय परिकार र सम्पदा-प्रेरित आकर्षणहरूको सहितको रंगीन उत्सवमा आफूलाई रमाउन आमन्त्रित गरिएको छ।